# वालिङ नगरपालिका कार्यालय
## पदपूर्ति समितिको सचिवालय
### *खुल्ला प्रतियोगिताद्वारा स्थायी पदपूपर्ति सम्बन्धी सूचना*

***सूचना नं. १/२०७२-०७३***
***प्रथम पटक प्रकाशित मिति २०७२।४।२७ गते***

यस नगरपालिका कार्यालयको लागी रिक्त रहेको सिभिल ईन्जिनियर, अधिकृत स्तर छैठौं तह प्राविधिक पदमा खुल्ला प्रतियोगिताद्धारा स्थायी रुपमा पदपूर्ति गर्नु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पदपूर्तिको किसिम | पदपूर्ति सख्यां | पद | तह | लिखित परिक्षा मिति | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १/२०७२/०७३ | खुल्ला (स्थायी) | १ (एक) | सिभिल इन्जिनियर | अधिकृत स्तर छैठौं (प्रा.) | २०७२।६।८ | २०७२।६।९ |

**परीक्षाको किसिमः-** लिखित र अन्तरवार्ता
**परीक्षा केन्द्रः-** पदपूर्ति समितिको सचिवालय वालिङ नगरपालिकाले दोब्बर दस्तुर समाप्त भएको मितिको भोली पल्ट यसै कार्यालयको सूचना पार्टीमा टांस गर्नेछ ।
**परीक्षा दस्तुरः-** रु. ७००।० ।
**स्थायी/अस्थायीः-** स्थायी ।
**दरखास्त फाराम र पाठ्यक्रम पाईने स्थानः** लोकसेवा आयोगले तोकेको ढांचा अनुरुपको अधिकृतस्तर प्राविधिक पदको दरखास्त फाराम वालिङ नगरपालिका कार्यालबाट उपलब्ध गराईनेछ । साथै लोक सेवा आयोगले ईन्जिनियरिङ्ग सेवा, सिभिल जनरल समुह, रा.प. तृतिय (प्रा.) श्रेणी ईन्जिनियर पदको लागी निर्धारण गरेको पाठ्यक्रममा थप स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ एंव स्थानीय शासन सम्बन्धी प्रचलित समसामयिक व्यवस्था बारे समावेश भएको पाठ्यक्रम वालिङ नगरपालिकाबाट उपलब्ध हुनेछ ।
**दरखास्त बुझाउने स्थानः-** पदपूर्ति समितिको सचिवालय, वालिङ नगरपालिका कार्यालय, स्याङजा ।
**दरखास्त दिने अन्तिम मितिः-** २०७२।५।१५ र दोब्बर दस्तुर तिरी मिति २०७२।५।२२ गते सम्म
**तलब स्केलः-** प्रचलीत स्केल बमोजिमको ।
**सेवा सम्बन्धी मन्त्रालयः-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
**आवश्यक शैक्षिक योग्यताः** सिभिल ईनिजिजिनयर, अधिकृत स्तर छैठौं तह को लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक (वि.ई.) उत्तीर्ण गरेको हुनु पर्ने छ । साथै नेपाल ईन्जिनियरिङ काउन्सीलमा दर्ता भई प्रमाण पत्र प्राप्त गरेको ।
**परिक्षण कालः-** नियूक्ति पाएको मितिले प्रचलित ऐन/ कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

०७२।४।२६

**द्रष्टव्यः**

क) उम्मेदवारको उमेर दरखास्त दिने अन्तीम मिति सम्ममा २१ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको हुनु पर्नेछ । तर महिला र अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ । बहालवाला कर्मचारीहरुको हकमा उमेरको हद लाग्ने छैन् ।

ख) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

ग) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र (आ) चारिक्रिक प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्र समेतको प्रतिलिपि एंव दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदावार स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ । तोकिएको परिक्षा दस्तुर बुझाउनको लागी वालिङ नगरपालिका कार्यालयको राजश्व शाखाबाट रसिद प्राप्त गर्न सकिनेछ ।

घ) लिखित परिक्षामा आउदा उम्मेदवारले अनिर्वाय रुपमा प्रवेश पत्र ल्याउनु पर्नेछ ।

ङ) लिखित परिक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तरवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

च) पदपूर्ति समितिद्धारा तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकीएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन् ।

छ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागी गणना गरिने छैन् ।

ज) उम्मेदवारले लिखित परीक्षा दिदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नु पर्नेछ अन्यथा परीक्षा रद्द हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

झ) विस्तृत जानकारीको लागी वालिङ नगरपालिका कार्यालयमा सर्म्पक गर्न सकिने छ । साथै नगरपालिकाको सूचना पार्टी एंव Website: www.walingmun.gov.np मा हेर्न सकिनेछ र सर्म्पक फोन नं. ०६३-४४०१८२/४४०११३

सचिव
पदपूर्ति समिति